# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय दोलालघाट काभ्रेपलाञ्चोकका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/०५ गते मंलगबारको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित)**

यस बैंकका तपसिलमा उल्लिखित ऋणीले यस बैंकवाट लिनुभएको कर्जा रकम बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८२/१०/१४ गते बुधबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८२/१२/२९ गते बिहिबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, दोलालघाट, काभ्रेपलाञ्चोकमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०२/१२ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, दोलालघाट, काभ्रेपलाञ्चोकमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा ब्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**ऋणी तथा जमानीकर्ताको विवरण :**

**ऋणी :** बागमती प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्रदेश औधोगिक ऐन, २०७६ बमोजिम मिति २०७२/१२/१६ मा प्रा.फ.उ.द.न. ६३६२/०७२/०७३ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेलबाट मिति २०७२/१२/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४०२१५०४ को प्रमाण पत्र प्राप्त **एन.बि. सुन चाँदी पसल** ।

फर्मको ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. ७, बनेपा ।

| | |
|---|---|
| **प्रोपाईटर तथा जमानतकर्ता : नारायण बहादुर थापा मगर**<br>(ना.प्र.नं. १५५१७४, जारी मिति २०६३/०७/२०,<br>प्रतिलिपि जारि मिति २०७४/०८/१२,<br>जारी गर्ने कार्यालय जि.प्र.का., सिन्धुपाल्चोक) ।<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला,<br>चौतारा साँगाचोकगढी न.पा.,<br>वडा नं. ७ ।<br>बाबु : रेशम बहादुर थापा मगर ।<br>बाजे : मकर बहादुर थापा मगर । | **जमानतकर्ता : वसन्ती थापा मगर**<br>(ना.प्र.नं. २४१०७८/३३, जारी मिति २०६७/०३/१३<br>जारी गर्ने कार्यालय जि.प्र.का, सिन्धुपाल्चोक) । स्थायी<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स.,<br>वडा नं. २ । हालको ठेगाना : सिन्धुपाल्चोक जिल्ला,<br>चौतारा साँगाचोकगढी न.पा., वडा नं. ७ ।<br>बाबु : चित्र बहादुर थापा मगर ।<br>पति : नारायण बहादुर थापा मगर ।<br>ससुरा : रेशम बहादुर थापा मगर । |
| **जमानतकर्ता : रेशम बहादुर थापा मगर** (ना.प्र.नं. २७२७/८६४, जारी मिति २०४३/०८/३०, जारी गर्ने कार्यालय जि.प्र.का, सिन्धुपाल्चोक) ।<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी न.पा., वडा नं. ७ (साविक सानुसिरुवारी गा.वि.स. वडा नं. ४) । बाबु : मकर बहादुर थापा मगर ।<br>बाजे : रुप धर थापा मगर । | **जमानतकर्ता : दिल कुमारी थापा मगर** (ना.प्र.नं. २७२६/८६३, जारी मिति २०४३/०८/३०, प्रतिलिपि जारि मिति २०७८/०९/१२, जारी गर्ने कार्यालय जि.प्र.का., सिन्धुपाल्चोक) । ठेगाना : सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ७ ।<br>बाबु : देबलाल मगर । पति : रेशम बहादुर थापा मगर ।<br>ससुरा : मकर बहादुर थापा मगर । |

**लिलामा बिक्री हुने धितोको विवरण :**

१. **नारायण बहादुर थापा मगर**को नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला सानुसिरुबारी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. १५७०८९८ स्थित कित्ता नं. ६१७ क्षेत्रफल १-६-२-० (रोपनी) ऐ जिल्ला ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. ५६४ क्षेत्रफल ०-०-४-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........१

२. **रेशम बहादुर थापा मगर**को नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला सानुसिरुबारी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. १५७०८९८ स्थित कित्ता नं. २४३ क्षेत्रफल ०-१२-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१

**पुनश्च:**

१. बोलपत्र सम्बन्धी शत बन्देज सहितको फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय दोलालघाट काभ्रेपलाञ्चोकबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पति दाखेलखारेज नामसारि गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पुर्ण दैदस्तुर सकरकर्ता स्वयमले तिनुपर्नेछ ।

३. लिलाम हुने सम्पति निरिक्षण अबलोकन गर्नु परेमा वा लिलाम सम्बन्धी अन्य थप जानकारि आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय दोलालघाट काभ्रेपलाञ्चोकमा** सम्पर्क राख्न सकिनेछ ।


PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**


Size: 3x30